
nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १२२ पृष्ठ ४ । सोमबार २१ पुस २०८२ । MONDAY, JANUARY 05, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## दुई देशको नागरिक भएर सेवा-सुविधा लिँदै आएको व्यक्ति सार्वजनिक




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

गढीमाई नगरपालिका-१ का प्रवेश कुमार क्षेत्री नामक व्यक्तिले नेपाल र भारत दुवै देशको नागरिक भएर सेवा, सुविधा र अधिकार उपभोग गर्दै आएको तथ्य सार्वजनिक भएको छ । स्रोतका अनुसार प्रवेश कुमार क्षेत्रीले नेपालमा क्षेत्री थरको नाममा नागरिकता प्राप्त गरेका छन् भने भारतको उत्तरप्रदेश, वाराणसी जिल्ला, भगवानपुर क्षेत्रबाट प्रवेश आचार्य नाममा मतदाता परिचयपत्र र राशन कार्ड बनाएका छन् । यसरी उनी दुवै देशको नागरिकको रूपमा सेवा सुविधा लिँदै आएका छन् ।

स्थानीय जनताका अनुसार प्रवेश आचार्यले नातागोताको सहयोगमा नेपालमा नागरिकता प्राप्त गरी कानुनी र प्रशासनिक प्रक्रियामा दुरुपयोग गर्दै आएका छन् । उनी निर्दोष व्यक्तिमाथि मुद्दा हाल्ने र अधिकारको दुरुपयोग गर्दै दबाब सिर्जना गर्ने गतिविधिमा सक्रिय रहेको आरोप लाग्दै आएको छ। यस प्रकरणले नागरिकता प्रणालीको दुरुपयोग, राष्ट्रिय सुरक्षामा संवेदनशीलता र प्रशासनिक कमजोरीलाई उजागर गरेको छ। स्थानीयवासीले सम्बन्धित निकायबाट छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग गरेका छन् । प्रकरण सार्वजनिक भएपछि गृहमन्त्रालय, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको ध्यानाकर्षण गराउनुपर्ने आवश्यकता देखिएको छ ।

## १० लाख बढी हुन्डीको रकमसहित ३ जना पक्राउ



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

पर्साबाट १० लाख रुपैयाँभन्दा बडी हुन्डीको रकम सहित तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा पर्साको प्रसौनी गाउँपालिका-४ देवरवानाका २२ वर्षीय पवनकुमार साह, सोही ठाउँका ३० वर्षीय मुस्ताक अनुसार र १९ वर्षीय रामपुकार पासवान रहेका छन् । उनीहरूको साथबाट स्रोत नखुलेका १० लाख २ हजार १० रुपैयाँ र ना१६प३०२० नम्बरको मोटरसाइकल समेत बरामद भएको प्रहरीले जनाएको छ । उनीहरू शनिबार पर्साको जगरनाथपुर गाउँपालिका-३ गडैयाटोलबाट पक्राउ परेका हुन् । पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी उनीहरूमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## निलम्बित सांसद सरोजकुमार सिंहविरुद्धको भ्रष्टाचार मुद्दा “हेर्न नभ्याइने” सूचीमा




**जनकपुर,२० पुस ।**

मधेस प्रदेशका पूर्व राज्यमन्त्रीसमेत रहेका निलम्बित सांसद सरोजकुमार सिंहसहित १६ जनाविरुद्धको भ्रष्टाचार मुद्दा ‘हेर्न नभ्याइने’ सूचीमा राखेको छ । विशेष अदालतका न्यायाधीशत्रय नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले सो मुद्दा हेर्न नभ्याइने सूचीमा राखेको हो । निलम्बित सांसद सिंहसहितको भ्रष्टाचारको मुद्दा अघि पेसीमा रहेको काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रदीप अधिकारसहितको भ्रष्टाचार मुद्दाको सुनुवाइ नसिकएकाले इजलासले ‘हेर्न नभ्याइने’ सूचीमा राखिएको हो । मधेस प्रदेशका पूर्व राज्यमन्त्रीसमेत रहेका सरोज कुमार सिंहविरुद्ध ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ बिगो मागवादी गरिएको थियो । उपभोक्ता समितिको खाताहरूमा जम्मा दाखिला भएको रकम आफ्नो स्वकीय सचिव विनोद कुमार लाल कायस्थ मार्फत झिक्न लगाई उक्त रकम आफ्नो र श्रीमतीको नाममा रहेको संयुक्त खातामा जम्मा दाखिला गरेर हिनामिना गरेको अभियोगमा सिंहसहित १६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको थियो । सिंहसहित रमेश मडर, अमलेश कुमारी, दिपाराज देवी राजपूत,भिखारी राउत कुर्मी, भूपेन्द्र कुमार झा, मञ्जु देवी पासमान, रामनाथ सहनी, स्वीकृति देवी भन्ने स्वीकृति देवी, रामशरण खत्वे, बिभा देवी खत्वे, शम्भु कुमार मंडल, योगिन्द्रर महतो, सुनयना कुमारी, यमुना प्रसाद महतो र कौशिल्या देवीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको थियो । अख्तियारले धर्मशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष यमुना प्रसाद महतो र कोषाध्यक्ष कौशिल्या देवीसँग १ लाख ८५ हजार २६० रुपैयाँ, उपभोक्ता समितिको अध्यक्ष योगिन्दर महतो र कोषाध्यक्ष सुनयना कुमारीसँग ६ लाख ५७ हजार ७०० बिगो माग दाबी गर्दै भ्रष्ट्राचार मुद्दा दायर गरेको थियो । त्यस्तै, उपभोक्ता समितिको अध्यक्ष रामनाथ सहनी र कोषाध्यक्ष स्वीकृति देवी भन्ने स्वीकृति देवीसँग २ लाख १४ हजार ३ सय ५० रुपैयाँ, माइस्थान मन्दिरको सौन्दर्यीकरण उपभोक्ता समितिको अध्यक्ष रामशरण खत्वे र कोषाध्यक्ष बिभादेवी खत्वेसँग १ लाख ५० हजार, रधवा पिपलदेखि सहसौला अनेरभाटदेखि जनता प्रावि हुँदै लक्ष्मीनीयासम्म माटो ग्राभेल निर्माण उपभोक्ता समितिका अध्यक्ष भूपेन्द्र कुमार झासँग १८ लाख ९१ हजार ९ सय रुपैयाँ, उपभोक्ता समितिको कोषाध्यक्ष मञ्जु देवी पासमानसँग २१ लाख ९३ हजार ८ सय १५ रुपैयाँ बिगो कायम गरेर भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

## Facebook–TikTok बाट अशान्ति फैलाउनेमाथि पर्सा प्रशासनको कडा नजर




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

जिल्ला प्रशासन कार्यालय पर्साले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकतालाई कमजोर बनाउने कुनै पनि गतिविधि सह्य नहुने स्पष्ट सन्देश दिएको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालद्वारा हस्ताक्षरित सूचनामार्फत प्रशासनले यस्ता गतिविधिमा संलग्न व्यक्ति तथा समूहलाई कडाइका साथ कानुनी दायरामा ल्याइने चेतावनी दिएको हो ।प्रशासनका अनुसार पछिल्लो समय सामाजिक सञ्जालमार्फत झुटा अफवाह फैलाउने, धार्मिक तथा सांस्कृतिक द्वेष उत्पन्न गर्ने र कुनै समुदायको सामाजिक मान-मर्यादामा आँच पुर्‍याउने प्रयासहरू देखिन थालेका छन् । यस्ता गतिविधि गर्नेहरूको सूक्ष्म निगरानी भइरहेको जनाउँदै प्रशासनले Facebook, TikTok, Instagram लगायतका माध्यम प्रयोग गरी समाजमा अशान्ति फैलाउने कार्यलाई गम्भीर अपराधका रूपमा लिइने स्पष्ट पारेको छ ।

सूचनामा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गतका धर्मसम्बन्धी कसूरहरूको स्मरण गराउँदै धार्मिक स्थल, पवित्र स्थान, वस्तु, मशानघाट वा चिहानमा क्षति पुर्‍याउने, अपमान गर्ने वा फोहर गर्ने कार्य दण्डनीय हुने उल्लेख गरिएको छ । यस्तो कसूरमा संलग्न व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको प्रशासनले जनाएको छ । त्यसैगरी, कुनै जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक भावनामा लेख, वचन, संकेत वा अन्य माध्यमबाट चोट पुर्‍याएमा दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने प्रावधान पनि प्रशासनले दोहोर्‍याएर सम्झाएको छ । विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ अनुसार इन्टरनेट, कम्प्युटर वा अन्य विद्युतीय सञ्चार माध्यममार्फत गैरकानुनी सामग्री प्रकाशन वा प्रदर्शन गर्न नपाइने उल्लेख गर्दै प्रशासनले सार्वजनिक नैतिकता र शिष्टाचारविरुद्धका सामग्री, घृणा र द्वेष फैलाउने अभिव्यक्ति, जात-जाति तथा सम्प्रदायबीचको सुमधुर सम्बन्ध बिगार्ने सामग्री प्रकाशन गर्नेहरूलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने चेतावनी दिएको छ । महिलामाथि जिस्क्याउने, हैरानी वा अपमान गर्ने गतिविधि पनि कडाभन्दा कडा कारबाहीको दायरामा पर्ने जनाइएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले सबै नागरिक, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सरोकारवाला पक्षलाई संयमित र जिम्मेवार बन्न आग्रह गर्दै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र आपसी सम्मान कायम राख्न सामूहिक प्रयास आवश्यक रहेकोमा जोड दिएको छ । कानून विपरीतका कुनै पनि गतिविधि स्वीकार्य नहुने स्पष्ट पार्दै प्रशासनले सूचनाको कडाइका साथ कार्यान्वयन गरिने जनाएको छ ।

## सर्लाहीमा हत्या गरिएका चौकीदारको टाउको १८ घण्टापछि फेला, एक जना पक्राउ

**सर्लाही,२० पुस ।**

सर्लाहीको सागरनाथ वन विकास परियोजनामा कार्यरत चौकीदारको हत्या प्रकरणमा घटनापछि करिब १८ घण्टापछि उनको टाउको फेला परेको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । सर्लाही प्रहरीका अनुसार हत्या गरिएका चौकीदार रामेश्वर महतोको टाउको घटनास्थल नजिकैको झाडीमा फालिएको अवस्थामा आज दिउँसो फेला परेको हो । प्रहरी प्रवक्ता डिएसपी सरोज राईले घटनास्थलदेखि करिब १०० मिटर तलतर्फ रहेको झाडीभित्र टाउको भेटिएको जानकारी दिए । घटनाको गम्भीरतालाई ध्यानमा राख्दै विशेष प्रहरी टोली तथा तालिमप्राप्त खोजी कुकुर परिचालन गरी खोजतलास गरिएको थियो । सोही क्रममा टाउको फेला परेको डिएसपी राईले बताए । उनका अनुसार चौकीदार महतोको शव भने हिजो साँझ नै फेला परिसकेको थियो । प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी शवलाई

बाँकी तेश्रो पृष्ठमा⇨

## मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरू नियुक्त

**काठमाडौं,२० पुस ।**

निर्वाचन आयोगले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरु नियुक्त गरेको छ । आगामी २१ फागुनमा हुने निर्वाचनका लागि आयोगले न्याय परिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा ८८ जना नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गरेको हो । नियुक्ति भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूले माघ २ गतेभित्र आफू

बाँकी तेश्रो पृष्ठमा⇨

## बारा-४ बाट प्रतिनिधिसभा उम्मेदवारका रूपमा यादव सिफारिस

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

राष्ट्रिय एकता दलले आगामी प्रतिनिधिसभा निर्वाचनका लागि बारा-४ बाट हिन्दुवादी नेता विनय यादवलाई उम्मेदवार सिफारिस गरेको छ । दलको बारा जिल्ला समितिको बैठकले यादवको एकल नाम सिफारिस गर्ने निर्णय गरेको हो । गणतान्त्रिक हिन्दु राष्ट्रको पक्षमा सक्रिय अभियन्ता यादव राष्ट्रिय एकता अभियानका प्रमुख अभियन्ता हुन् भने राष्ट्रिय एकता पार्टीका अध्यक्षसमेत रहेका छन् । बारा-४ नै उनको गृह निर्वाचन क्षेत्र हो । यादवले लामो समयदेखि भ्रष्टाचार, कुशासन र राष्ट्रिय सम्पत्तिको दुरुपयोगविरुद्ध निरन्तर आवाज उठाउँदै आएका छन् । उनले नेपालमा चिनियाँ बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत हुने सम्झौतामा देखिएको अपारदर्शिता र त्यसबाट उत्पन्न हुनसक्ने राष्ट्रिय जोखिमप्रति पनि ध्यानाकर्षण गराउँदै विभिन्न चरणमा प्रदर्शन तथा जनजागरण अभियान सञ्चालन गरेका छन् ।

त्यस्तै, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भएको भनिएको व्यापक भ्रष्टाचारविरुद्ध भइरहेको आन्दोलनको नेतृत्व पनि यादवले गर्दै आएका छन् । उक्त आन्दोलनमार्फत उनले भ्रष्टाचारमा संलग्न दोषीहरूमाथि निष्पक्ष छानबिन र कडा कारबाहीको माग गर्दै आएका छन् ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## मतदाताको इजलास

ताजा जनादेशका निम्ति हुन लागेको प्रतिनिधि सभाको निर्वाचन आउन अब दुई महिना मात्र बाँकी छ । प्रतिनिधि सभाको संरचना समानुपातिक र प्रत्यक्ष निर्वाचन पद्धतिबाट पूरा हुने संवैधानिक व्यवस्था छ । समानुपातिक निर्वाचनका निम्ति उम्मेदवारको बन्दसूची प्रस्तुत गर्ने समयसीमा पनि पूरा भइसकेको छ । निर्वाचन आयोगले बन्दसूचीको नामावली समानुपातिक र समावेशी संवैधानिक मर्म अनुरूप भए नभएको जाँचबुझ गरिरहेको छ । आयोगले निर्वाचन तयारीमा कुनै कमी हुन नदिई अगाडि बढाइरहेको छ । भदौ २३ र २४ गतेको नवपुस्ता अर्थात् जेनजी विद्रोहपछि बनेको वर्तमान सरकारको कार्यदेश नै सुशासनको जग खडा गर्दै फागुन २१ गते ताजा जनादेशका निम्ति प्रतिनिधि सभाको निर्वाचन गराउनु हो । सरकार यस जिम्मेवारीमा क्रियाशील छ । कतिपय राजनीतिक दलले निर्वाचनको वातावरण बनाउन सुरक्षाव्यवस्थाप्रति राखेको जिज्ञासालाई सरकारले उच्च महत्व दिइरहेको छ । सुरक्षाव्यवस्था प्रभावकारी बनाउन चुस्त रणनीतिका साथ कार्ययोजना अगाडि बढाइएको छ । तथापि राजनीतिक दल अझै मतदातासम्म पुग्नुभन्दा आन्तरिक राजनीतिको जोडघटाउमा बढी केन्द्रित भइरहेका छन् । जनमतभन्दा राजनीतिक जोडघटाउ र मिलीभगतका आधारमा निर्वाचनको नतिजा आफ्नो पक्षमा पार्ने दाउ हेरिरहेको समेत देखिएको छ । कतिपय दलले विशेष महाधिवेशन वा नियमित महाधिवेशन भनेर लामो समय खर्च गरिरहेका छन् । राजनीतिक दल मतदातासम्म पुगेर वास्तविकता पहिल्याउन, जनताका पीरमर्का र जनचाहना पहिचान गर्ने गरी अझै जनस्तरमा पुगेको देखिएको छैन । कुनै पनि राजनीतिक दलको आन्तरिक जीवनसँग सर्वसाधारण मतदाताको ठुलो सरोकार हुँदैन । पार्टीको आन्तरिक अवयवमा काम गर्दा सकभर आमनागरिकलाई अनेक तवरले अनावश्यक रूपमा सुनाइरहनु आवश्यक पनि हुँदैन । नेपालको राजनीतिको विगत धेरै जसो अन्तरपार्टी, पार्टीका शीर्ष नेता, दलबिचको खिचलो, बैठक आदि इत्यादिमै केन्द्रित भएको देखिन्छ । अझ एकअर्काप्रति अस्वस्थ आलोचना र गालीका पर्रामा समेत बित्ने गरेको विगत पनि छ । लोकतान्त्रिक प्रणालीमा सकभर आफ्ना कार्यसूची आममतदातामा राखेर उनीहरूको मन जितेर जनादेश लिई त्यसै अनुसारले जिम्मेवारी गर्नुपर्ने व्यवस्था हो । आलोचना, तर्क र विवादको पनि आचार र सीमा हुन्छ । देशहित, विकास र समृद्धिलाई उच्च प्राथमिकतामा राखेर बहस, चिन्तन र विमर्श हुन सक्दा त्यसले लोकतान्त्रिक प्रणालीलाई समृद्ध बनाउन सहयोग पुग्छ । जिम्मेवारी पाएकाले काम गर्नुभन्दा अरूलाई गाली गर्ने, आफूले गर्न नसकेको कामको दोष अरूमा थोपर्ने गरेको विगत छ । सुशासनतर्फका पाइला असाध्य सुस्त भएको भनिरहनु परेन । फलस्वरूप भ्रष्टाचार न्यूनीकरण हुन सकेन । आमनागरिकमा असन्तुष्टि चुलियो । राजनीतिको यही प्रवृत्ति नै जेनजी विद्रोहको कारण मूल बन्यो । जेनजी विद्रोहले सबैलाई सुध्रने सन्देश दिएको छ ।

नवपुस्ता कुनै राजनीतिक दल होइनन् न त सङ्गठित संस्था नै हो । युवाको जायज आवाज हो । यो जायज आवाज देशकै आवाज हो । यो आवाज निर्वाचनमार्फत संस्थागत हुनु पर्छ । कुनै पनि राजनीतिक दलले जेनजी विद्रोहको मर्मलाई सोझै अन्यथा भनेको देखिएको छैन । सुशासन नभएको स्वीकार गरिएको छ । भ्रष्टाचारमुक्त समाज सबैको लक्ष्य हो भनिएकै छ । अबको पुस्ताले गरिखान यही देशमा बसेर पाउनु पर्छ भन्ने जेनजी मूल मर्मलाई सबैले आत्मसात् अब गर्नैं पर्छ । त्यसैले जेनजीको आवाज आगामी प्रतिनिधि सभाको निर्वाचनमाा जनादेशका रूपमा प्रतिविम्बित हुनु पर्छ । त्यसका निम्ति अब राजनीतक दल आन्तरिक खिचलो र जोडघटाउमा होइन, आममतदाताको घरदैलोमा पुग्नु पर्छ । तराई मधेशमा शीतलहरले जनजीवन कष्टकर बनेको छ । त्यसमा कुनै न कुनै रूपमा सहयोगी बन्न सक्ने गरी राजनीतिक दल र उम्मेदवार पुग्नु पर्छ । जनमतका बलमा अब निहित स्वार्थको सपना त्याग्नु पर्छ । पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई सभ्य तवरले अगाडि बढाउनु पर्छ ।

गलत अभ्यासले आमनागरिकलाई लोकतान्त्रिक पद्धतिप्रति नै वितृष्णा नहोस् । निर्वाचन आयोगले गरेको तयारीलाई साथ सहयोग पुग्ने गरी दलहरूले नीति र कार्यनीति बनाउनु पर्छ । अब समयमै निर्वाचन गराउने जिम्मेवारी दलहरूमा पुगेको छ । आमनागरिकबिचमा दल तथा उम्मेदवारको संवाद र सहकार्यले भावी राजनीतिको दिशानिर्देश हुने छ । बाहुबल, पद, पैसा, प्रतिष्ठा, मासुभात, मदिरा, जातीय, क्षेत्रीय आदि अलोकतान्त्रिक तौरतरिकाले मतदाताको मत बटुल्ने कुचेष्टा मान्य हुने छैन ।

# परिणाममुखी होला विशेष महाधिवेशन ?



**किशोर नेपाल**

नेपाली कांग्रेसका प्रतिभासम्पन्न नेता तथा सांसद गगन थापा कुनै न कुनै हिसाबले राजनीतिमा चर्चित भइरहने व्यक्तित्व हुन् । पछिल्लो पुस्ताका यी प्रभावशाली व्यक्तित्व यतिबेला पार्टीको आन्तरिक राजनीतिमा अत्यन्त चलायमान छन् र सधैं चर्चाको शीर्ष स्थानमा रहने गरेका छन् । जेन-जी विद्रोहपछि पछिल्लो समयमा नै गगन चर्चाको शिखरमा रहेका छन् । अहिले उनको चर्चा उनले प्रस्ताव गरेको नेपाली कांग्रेसको विशेष अधिवेशनमा केन्द्रित रहेको छ । उनी यतिबेला कांग्रेसको केन्द्रीय समितिमा महामन्त्रीका रूपमा स्थापित छन् । त्यसैले पनि कांग्रेस कार्य समितिले निर्वाचनको मुखमा तत्काल नियमित महाधिवेशन गर्न नसकिने निर्णय गरेपछि उनले चुनावमा जानुअघि 'विशेष अधिवेशन' गर्नुपर्ने तर्क राखेका छन् । महामन्त्री गगनले विशेष महाधिवेशनका लागि सभाकक्ष लगायतका पूर्वाधारहरूको बन्दोबस्त मिलाइसकेका छन् । तर, अहिलेको संकटकालीन समयमा गगनले प्रस्ताव गरेको विशेष अधिवेशनको परिणाम सकारात्मक वा नकारात्मक कस्तो आउनेछ ? यसबारे कांग्रेसका नेताहरूले स्पष्ट विचार राख्न सकेका छैनन् । स्वाभाविक हो, गगन थापा हतारमा छन् । नेपाली सत्ताको संरचनामा आमूल परिवर्तन ल्याउने उनको चाहना अस्वाभाविक पनि होइन । तर, जेन-जी विद्रोहपछि देशको परिस्थिति सामान्य छैन । फागुन २१ का लागि तय गरिएको चुनाव होला वा नहोला ? अधिकांश मानिसको मन द्विविधाले भरिएको छ । समय सोचिए जस्तो सरल छैन, तरल छ । गगन थापाले यो कुरा नबुझेका छैनन् । नेपाली समाजको मनस्थिति बिथोलेको छ, जेन-जी विद्रोहले । भोलिको शासन व्यवस्था नबिथोलिएला भन्ने आशा कसैमा देखिँदैन । गगनले आह्वान गरेको विशेष अधिवेशन उपलब्धिमय होलान् भन्ने आधार के छ ?

नेता गगनका बारेमा नकारात्मक चर्चा गर्नुभन्दा पनि देशमा विद्यमान शासकीय र राजनीतिक विधिको परिवर्तनमा उनी कति प्रभावकारी रहे ? त्यसको लेखाजोखा गर्नु आवश्यक छ । पश्चिमी संसारका बुद्धिजीवीहरूले हाम्रा जस्ता विकासशील भनिने देशहरूलाई आफ्नो खेलको बिसात बनाएका छन् भन्ने कुरा गगनलाई थाहा नभएको होइन । छिमेकी बंगलादेशको सरकारले अघिल्लो सरकार सञ्चालन गर्ने पार्टी अवामी लिग र त्यो पार्टीका नेता शेख हसिनालाई कसरी चुनाव प्रक्रियाबाट बाहिर राख्यो ? त्यसको विश्लेषण नेपालका सबै लोकतान्त्रिक पार्टीका नेताहरूले गर्नुपर्दछ । गगनले प्रस्तावित विशेष अधिवेशनका कार्यसूची स्पष्ट ढंगले अघि सारेका छैनन् । यो विशेष अधिवेशनको उपलब्धि के हुनेछ ? यसले नेपाली कांग्रेस पार्टीलाई अहिलेको दीनहीन अवस्थाबाट कसरी मुक्त गर्नेछ ? उद्देश्य र ध्येयमा चुक्दै गएको नेपाली कांग्रेस पार्टीलाई विशेष अधिवेशनले कसरी उचाइमा पुऱ्याउँछ ? के विशेष अधिवेशनले विद्यमान परिस्थितिको यथार्थ व्याख्या गर्ने र कार्यकर्ताहरूलाई 'सहमत' गराउने काम गर्न सक्दछ ? 'जेन-जी' विद्रोह र विध्वंसपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले संसदीय चुनावको मिति तोकेपछि नेपाली कांग्रेस विवाद र अविश्वासको चरम अवस्थामा पुगेको छ । महामन्त्री गगन फागुन २१ मा 'हुने' संसदीय निर्वाचनअघि नेपाली कांग्रेसको 'विशेष' अधिवेशन बोलाउने अभियानमा लाग्नुभएको छ । जेन-जीको नाममा भएको सांघातिक आक्रमणपछि पार्टी सभापतिबाट अवकाश लिने मनस्थितिमा पुग्नुभएका सभापति शेरबहादुर देउवा उपसभापति पूर्णबहादुर खड्कालाई अनौपचारिक प्रकारले 'कार्यवाहक' तोकेर स्वास्थ्योपचारका लागि सिंगापुर जानुभएको थियो । सिंगापुरबाट तरोताजा भएर फर्किनुभएका देउवा अहिले सभापतिका रूपमा सक्रिय हुनुहुन्छ । यता, उपसभापति खड्काले पाउनुभएको कार्यवाहकको पगरी यथावत् रहेको छ । कांग्रेसका 'बौद्धिक र विचारशील' भनिएका नेताहरूले उपसभापति खड्कामा 'निर्णय क्षमता नभएको' टिप्पणी गरेका थिए । उपसभापति खड्कामाथि गरिएको यो टिप्पणी कदाचित न्यायोचित थिएन । तर, राजनीतिमा न्याय-अन्याय हुँदैन । सत्ता स्वार्थ नै प्रमुख हुन्छ । नेपाली कांग्रेसको इतिहास देशका अन्य कुनै पनि राजनीतिक दलको इतिहासभन्दा पृथक् छ । कांग्रेसले देशमा प्रजातान्त्रिक स्थापनाका लागि निरन्तर कडा संघर्ष गरेको छ । २००७ सालको जनक्रान्तिको सफलतापछि २०१५ सालसम्म कांग्रेस प्रजातान्त्रिक शासन व्यवस्थाको माग गर्दै आन्दोलनमा रह्यो । २०१७ सालमा राजा महेन्द्रको एकतन्त्रीय पञ्चायती शासनतिरको प्रतिगमनपछि अर्को एक दशक सुवर्णशमशेरको नेतृत्वमा पञ्चायतविरुद्ध संघर्षमा जुट्यो । यो कालखण्डमा बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, रामनारायण मिश्र, योगेन्द्रमान शेरचन लगायतका नेताहरू कारागारमा थुनिनुभएको थियो । राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाबका कारण नेताहरू कारामुक्त भए पनि देशमा प्रजातान्त्रिक राजनीतिक वातावरण थिएन ।

बाँकी तेश्रो पृष्ठमा⇨

# स्थायित्वको आवरणभित्र लुकेको यथास्थितिवाद

**शाश्वत रेग्मी**

मार्टिन लुथर किङले सन् १९६३ को आफ्नो प्रसिद्ध 'लेटर फ्रम बर्मिङघम जेल' मा लेखेका थिए- 'म यो खेदजनक निष्कर्षमा पुगेको छु कि अश्वेत जातिका मानिसको मुक्तिको बाटोमा सबैभन्दा ठूलो बाधा 'ह्वाइट काउन्सिलर' वा 'कु क्लक्स क्लान' (अतिवादी समूह) होइन, बरु त्यो 'श्वेत मध्यमार्गी' हो, जो न्यायभन्दा बढी 'व्यवस्था' (अर्डर) प्रति समर्पित छ । जसले न्यायको उपस्थिति हुने 'सकारात्मक शान्ति' भन्दा पनि तनावको अनुपस्थिति हुने 'नकारात्मक शान्ति' लाई प्राथमिकता दिन्छ ।' ६ दशकपछि, सन् २०२५ को नेपालमा, टोलछिमेकमा ठ्याक्कै यस्तै तर्कहरू सुनिएका थिए । राजनीतिक चेतनाबिनै पुराना राजनीतिक पार्टीका बफादार बन्दै आएका कतिपय 'अंकल' हरूको एउटै स्वर सुनिन्थ्यो- 'कस्तो शान्ति र स्थिरता थियो देशमा, सुस्त-सुस्त भए पनि विकास भइरहेको थियो, अहिलेको जस्तो अराजकता त थिएन ।' आफ्नो वर्ग र सुविधाका कारण यस्तो 'नकारात्मक शान्ति' को चाहना राख्नु देशको भविष्यका लागि हानिकारक मात्र छैन, यसले ती श्रमजीवी र गरिब जनताको उपहास पनि गर्दछ, जोसँग यस्तो खालको वर्गीय सुविधा छैन ।

हाम्रो जस्तो 'अभिजात्य वर्गको लोकतन्त्र' भित्र स्थायित्व 'अन्तरनिहित' हुन्छ भन्ने धारणा नै त्रुटिपूर्ण छ । हाम्रो देशको जस्तो लोकतन्त्र सम्भ्रान्त र बुर्जुवा वर्गका लागि मात्र हो भन्ने प्रमाण यसको शक्ति संरचना र शक्तिसम्म पुग्ने प्रक्रियाबाट थाहा हुन्छ । जब संसद् भवन वा व्यवस्थापिका भवनमा आगलागी भयो, तब आन्दोलनकारी युवाहरूमाथि ठूलो दोषारोपण गरियो । तर एकछिन सोचौं त- के ती भवनहरू कहिल्यै जनताको सेवा गर्ने थलो जस्ता देखिन्थे ? यसको वस्तुनिष्ठ उत्तर हो- 'देखिँदैनथे ।' ती भवनहरू त यस्ता भव्य दरबार जस्ता देखिन्थे, जहाँको छेउबाट हिँड्न पनि सर्वसाधारण डराउनुपर्थ्यो । अझै पनि सिंहदरबार यति दुर्गम र पहुँचबाहिर छ कि त्यहाँ कुनै जायज र अति सामान्य कामका लागि जान पनि शक्तिको पहुँच भएको कसैलाई 'चिन्नैपर्ने' हुन्छ । कस्तो विडम्बना छ देशमा भने सरकारी भवनमा काम परेर छिर्न वा सामान्य कागजात बनाउन पनि सत्तामा पहुँच भएको मान्छे चाहिन्छ । यस्तो पहुँचबाहिरको र जनतालाई त्रसित पार्ने शक्ति संरचना 'जनताको, जनताद्वारा र जनताका लागि' कहिल्यै हुनै सक्दैन । यो केवल धनाढ्य र सम्भ्रान्तहरूका लागि हो । र, निर्वाचन प्रक्रिया त केवल आगामी दिनमा ती सम्भ्रान्तहरूको समूहमा को-को सामेल हुने भन्ने निर्णय गर्ने माध्यम मात्र हो ।

तसर्थ, माथि उल्लेखित कारणहरूले गर्दा, आगामी निर्वाचनमा कुनै संरचनात्मक सुधार हुने र आशावादी हुने आधार देखिँदैन । वर्षौंदेखिको अल्पतन्त्र (ओलीगार्की) बाट आजित भएका मजस्ता नवयुवाहरू 'नयाँ अनुहार' को मोहमा पर्नु स्वाभाविक पनि होला । तर इतिहासलाई



फर्केर हेरौं, हामीभन्दा अघिल्लो पुस्ता पनि सामन्तवादको अन्त्यपछि त्यतिबेलाका 'नयाँ अनुहार' हरूबाट यसैगरी आशावादी थिए । यथार्थ के हो भने, छोटो समयका लागि केही सकारात्मक परिवर्तन देखिए तापनि मध्यम वर्ग, श्रमजीवी र घरबारविहीन जनताको भौतिक अवस्था (म्याटेरियल कन्डिसन) मा यसले कुनै तात्त्विक फरक पार्ने छैन । नेपाल जस्तो अव्यवस्थित सहरीकरण र अल्पविकसित व्यापार भएको देशमा बाहिरी चमकधमक (अप्टिक्स) मा सुधार गर्न गाह्रो छैन । तर बुर्जुवा लोकतन्त्रको शक्ति संरचनाले अन्ततः यसलाई अल्पतन्त्रमा नै बदल्ने ग्यारेन्टी दिन्छ । संसारका अधिकांश लोकतान्त्रिक मुलुकहरू अहिले अल्पतन्त्रमा परिणत भएका छन्, र नेपाल पनि त्यसको अपवाद होइन । आममानिसको जीवनस्तरमा सुधार नहुने यो ग्यारेन्टी इतिहासको अवलोकनबाट आउँछ । इतिहासमा सामन्तवाद आफैं हराएर गएको होइन । यसलाई धेरै पटकका हिंसात्मक बुर्जुवा क्रान्तिमार्फत हटाइएको थियो । त्यतिबेलाका व्यापारी र सल्लाहकारहरू (बर्गर्स) ले रणनीति बनाएर राजतन्त्रलाई ढाले र वर्तमान पुँजीवादको स्थापना गरे । यो वास्तवमा सामन्तवादकै एक उन्नत रूप हो, जहाँ सबै स्रोत र साधनहरूमा सीमित सम्भ्रान्त वर्गको नियन्त्रण हुन्छ । फरक यति मात्र हो कि सामन्तवादको तुलनामा अहिले शासकहरूको संख्या केही बढी छ । यो वास्तविकताको सबैभन्दा ठूलो प्रमाण पुँजीवादी लोकतन्त्रमा हुने 'न्यायको व्यापारीकरण' हो । विश्व परिवेशलाई हेर्ने हो भने, डोनाल्ड ट्रम्प जस्ता विभिन्न अपराधका आरोपित व्यक्ति विश्वको शक्तिशाली देश अमेरिकाको राष्ट्रपति बन्न पाउँछन् । एलन मस्क र जेफ बेजोस जस्ता व्यक्तिहरूले आफ्ना कामदारलाई अमानवीय तरिकाले

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## भेनेजुएलामा विकसित घटनाक्रमबारे भारतले के भन्यो ?



***काठमाडौं,२० पुस ।***

भेनेजुएलामा विकसित पछिल्लो घटनाक्रमप्रति भारतले गहिरो चिन्ता व्यक्त गरेको छ । भारतीय विदेश मन्त्रालयले विज्ञप्ति जारी गर्दै भेनेजुएलामा विकसित घटनाक्रमप्रति गहिरो चिन्ता व्यक्त गरेको हो । मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले जारी गरेको विज्ञप्तिमा घटनाक्रमलाई भारतले सूक्ष्म हिसाबले निगरानी गरिरहेको उल्लेख छ । 'भेनेजुएलामा विकसित पछिल्लो घटनाक्रम गहिरो चिन्ताको विषय हो । हामी अवस्थालाई सूक्ष्म निगरानी गरिरहेका छौँ ।' विज्ञप्तिमा भनिएको छ । भारतले घटनामा संलग्न दुबै पक्षलाई कूटनीति र वार्ताका माध्यमबाट समस्याको समाधान निकाल्न पनि आग्रह गरेको छ । भेनेजुएलाका जनताको सुरक्षा र समृद्धिको समर्थनमा आफूहरु रहेको भन्दै भारतले क्षेत्रीय शान्ति र सुरक्षाको प्रत्याभूति गर्न पनि आह्वान गरेको छ । नेजुएलामा रहेका भारतीय समुदायसँग त्यहाँस्थित राजदूतावास सम्पर्कमा रहेको भन्दै विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा आवश्यक पर्ने सबै सहयोग गर्न तत्पर रहेको उल्लेख गरिएको छ । मन्त्रालयले अत्यावश्यकबाहेक कुनै पनि अवस्थामा भेनेजुएलाको भ्रमण नगर्न आह्वान गरेको छ ।

## राष्ट्रपति मादुरोलाई अमेरिकाकै बदनाम जेलमा राखियो




***काठमाडौं,२० पुस ।***

भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई न्यूयोर्क सिटीको मेट्रोपोलिटन डिटेन्सन सेन्टर (एमडीसी) जेलमा सारिएको छ । विलासी जीवन बिताउँदै आएका मादुरोका लागि यो जेलमा बिल्कुलै विपरीत वातावरण भएको बताइएको छ । एमडीसी अमेरिकाका सबैभन्दा खराब जेलहरूमध्ये एक मानिन्छ । धेरैले यस जेललाई अत्यन्तै फोहोर र डर लाग्दो भनेर वर्णन गरेका छन् । यहाँ कर्मचारीको ठूलो अभाव छ । कैदीहरूबीच हिंसा सामान्य छ । विद्युत अवरुद्ध हुनु पनि यहाँको बारम्बारको समस्या हो । यो जेल सन् १९९० को दशकमा जेलको भीड घटाउन बनाइएको थियो । यसअघि यहाँ गायक आर केली, औषधि व्यापारी मार्टिन श्रेकली, घिसलेन म्याक्सवेल, क्रिप्टो व्यापारी स्याम बैंकम्यान-फ्राइड र संगीत उद्योगका दिग्गज सीन 'डिडी' कोम्ब्स जस्ता उच्च-प्रोफाइल कैदी राखिएका थिए । कुख्यात लागु औषध कारोबारका नेता इस्माइल 'एल मायो' जाम्बादा गार्सियालाई पनि यहीँ राखिएको थियो । यो जेलभित्र हिंसाको जोखिम सधैं रहन्छ । सन् २०२४ को जुनमा एक कैदीको चक्कु प्रहारबाट हत्या भयो । त्यसको एक महिनापछि झगडामा अर्को एक कैदीको मृत्यु भएको थियो । सन् २०१९ मा जेलमा ठूलो विद्युत संकट पनि आएको थियो । करिब एक हप्ता कैदीहरू चिसो र अन्धकारमा बस्न बाध्य भएका थिए । यहाँका शौचालयहरू पनि सधैं प्रयोग गर्नलायक रहँदैनन् । कैदीहरूलाई धेरै दिनसम्म सेलबाट बाहिर निस्कन दिने गरिएको छैन । उता अमेरिकी आक्रमणमा भेनेजुएलाको सबैभन्दा ठूलो सैन्य बेस फुएर्ते टियुना ध्वस्त भएको छ । यहीँबाट शनिबार मादुरो र उनकी पत्नी पक्राउ परेका थिए ।

## ट्रम्पको पहिलो कार्यकालमै बनेको थियो मादुरो हटाउने योजना




***काठमाडौं,२० पुस ।***

डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमै भेनेजुएलका राष्ट्रपति निकोलस मादुरोलाई हटाउने योजना बनेको खुलेको छ । अमेरिकाका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले ट्रम्पको पहिलो कार्यकालमै मादुरोलाई हटाउने योजना बनेको खुलासा गरेका हुन् । तर त्यसबेला कार्यान्वयन हुन नसकेको योजनालाई यस पटक ट्रम्पकै जोडबलमा सफल पारिएको उनले बताएका छन् । बोल्टनका अनुसार ट्रम्पले त्यसबेलादेखि नै भेनेजुएलाको तेलप्रति निकै चासो राखिरहेका थिए । उनको टोलीले मादुरोलाई हटाउने विचारमा ट्रम्पलाई राजी त गरायो, तर लामो समयसम्म त्यसमा ध्यान केन्द्रित गराइराख्न सकेन । त्यसबेला भेनेजुएलाको विपक्षी पक्षले आर्थिक दबाबमार्फत् मात्रै मादुरो सरकार कमजोर बनाउन सकिने विश्वास राखेको पनि उनले बताए । बोल्टनका अनुसार ट्रम्पको दोस्रो कार्यकालमा विदेशमन्त्री तथा कार्यवाहक राष्ट्रिय सुरक्षा सल्लाहकार मार्को रुबियोले ट्रम्पलाई यसबारे ठोस कारबाहीका लागि मनाउन सफल भए ।

**भेनेजुएलामाथिको आक्रमण इराकभन्दा फरक : अमेरिकी रक्षामन्त्री** अमेरिकी रक्षा मन्त्री पिट हेगसेथले भेनेजुएलामाथिको आक्रमण इराकमाथिको आक्रमणभन्दा बिल्कुल फरक भएको बताएका छन् । सीबीएस न्युजसँग कुरा गर्दै उनले भने, 'अमेरिकाले इराकमा दशकौं समय, पैसा र रगत खर्च गऱ्यो, तर बदलामा केही पाएन ।

यसपटक ट्रम्पले कथा उल्ट्याएका छन् ।' उनका अनुसार भेनेजुएलामाथिको कारबाहीपछि अमेरिकालाई त्यहाँका स्रोतहरूमा पहुँच मिल्नेछ । यसले अमेरिकी सैनिकको रगत नबगाई संशाधन प्रयोग गर्न मद्दत गर्ने उनको दाबी छ ।

## परिणाममुखी होला.....

कारामुक्त भएपछि बीपी र गणेशमान सिंह निर्वासनमा जानुभयो । बीपी र गणेशमान सिंहभन्दा केही वर्षपछि कारागारबाट मुक्त हुनुभएका कृष्णप्रसाद भट्टराईले नेपाली कांग्रेसको आन्तरिक संगठनको पुनः संयोजन गर्न निकै कडा मिहिनेत गर्नुभएको थियो । देशको प्रमुख प्रजातान्त्रिक राजनीतिक दलका रूपमा नेपाली कांग्रेसमा यो वा त्यो विवादको कमी कहिल्यै रहेन । स्थापनाकालदेखि नै कांग्रेसमा साना-ठूला द्वन्द्वहरू भई नै रहेका छन् । कांग्रेस नेतृत्वले ती द्वन्द्वहरूलाई स्वाभाविक रूपमा लिने गरिएको पाइन्छ । २०४६ सालको राष्ट्रिय जनआन्दोलनभन्दा पहिले नेपाली कांग्रेसका महामन्त्रीका रूपमा गिरिजाप्रसाद कोइराला राष्ट्रिय एकता र मेलमिलापको नीतिले गरेको मार्गदर्शनअनुसार राजासँग एकता र मेलमिलाप नीतिअनुसार देशको शासन व्यवस्था चलाउन आग्रहका साथ प्रस्ताव गरिरहनुभएको थियो । तर, राजाले महामन्त्री कोइरालाको प्रस्ताव स्वीकार गरेनन् ।

त्यसपछि भएको थियो- प्रजातन्त्र पुनःस्थापनाका लागि राष्ट्रिय जनआन्दोलनको संयोजन । कांग्रेसका सर्वमान्य नेताका रूपमा आन्दोलनमा सहभागिताका लागि गणेशमान सिंहले देशमा प्रजातन्त्रका लागि संघर्षरत रहेका सबै वामपन्थी दलहरूसँग आग्रह गर्नुभएको थियो । यसपछि नै जनआन्दोलनको आँधी-बेहरीले निर्दलीय पञ्चायती व्यवस्था ढलेको थियो । परिवर्तनपछि २०४८ सालमा भएको संसदीय चुनावमा नेपाली कांग्रेसले बहुमत प्राप्त गऱ्यो । चुनावमा कृष्णप्रसाद भट्टराई पराजित हुनुभयो । उहाँका स्वाभाविक उत्तराधिकारीका रूपमा गिरिजाप्रसाद कोइरालाले सरकारको नेतृत्व गर्नुभयो । प्रधानमन्त्री कोइरालाका लागि पनि तत्कालीन राजनीतिक परिस्थिति सामान्य थिएन । २०४८ सालमा झापाको कलबलगुडीमा भएको महाधिवेशन सर्वमान्य नेता गणेशमान सिंहको 'असन्तुष्टि' का कारण चुनावपछिको सरकारको नेतृत्वकै विषय ठूलो चर्चामा आयो । प्रधानमन्त्री कोइरालाका विपक्षमा निकै नेताहरूले चर्को बहस गरे । कांग्रेसको एउटा पक्षले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले महेश आचार्यलाई अर्थ राज्यमन्त्री नियुक्त गर्नुभएकामा र चुनावमा पराजित हुनुभएका नेता डा. रामशरण महतलाई राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा नियुक्त गर्नुभएकामा आवाज उठाएका थिए । साभार ईकान्तिपुर ।

## स्थायित्वको आवरण....

शोषण गरिराख्दा पनि उनीहरू आलोचित हुनुको साटो सम्मानित हुन्छन् । नेपालकै सन्दर्भमा पनि, 'फलानो मान्छे धनी छ, ऊ जेल जाँदैन' वा 'ऊ त ठूलो नेताको सन्तान हो, उसलाई केही हुँदैन' भन्ने कुरालाई समाजले सामान्य रूपमा स्वीकार गरिसकेको छ । मानिसहरू कानुनबाट बच्नकै लागि पनि असीमित सम्पत्ति कमाउने इच्छा खुलेआम व्यक्त गर्छन् ।

यो समस्याको समाधान सजिलो छैन, किनकि यो प्रणालीको गल्ती (ग्लिच) होइन, बरु यो त प्रणालीले जसरी काम गर्नुपर्ने हो, त्यसैगरी काम गरिरहेको अवस्था हो । जब कानुन पुँजीद्वारा खरिद गर्न सकिने सेवा बन्छ, तब लोकतन्त्रको कुनै अर्थ रहँदैन ।साभार ईकान्तिपुर ।

## मुख्य निर्वाचन ...........

खटिएको निर्वाचन क्षेत्रभित्र मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचनका कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

## सर्लाहीमा हत्या .........

पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाएको जनाएको छ । घटनामा संलग्न आशंकामा एक जनालाई नियन्त्रणमा लिइएको भए पनि अनुसन्धान जारी रहेकाले थप विवरण हाल सार्वजनिक नगरिएको प्रहरीले जनाएको छ ।ईश्वरपुर नगरपालिका-२ अन्तर्गत सागरनाथ वन विकास परियोजनामा कार्यरत चौकीदार महतोको शव हिजो साँझ फेला परेपछि घटनाले जिल्लामा सनसनी मच्चाएको थियो । प्रहरीले घटनालाई गम्भीर अपराधका रूपमा लिँदै अनुसन्धान तीव्र छन ।

# स्वास्थ्य

## महिनावारी हुने र सुक्ने समयमा किन परिवर्तन आउँदैछ ?



विगतमा किशोरावस्थामा पुगेपछि किशोरीमा महिनावारी सुरु हुन्थ्यो । तर अहिले यो उमेर घटेर ९-१० वर्षमा झरेको छ । अर्थात् उमेर नपुग्दै बालिकामा महिनावारी चक्र सुरु भएको छ । पछिल्लो समय महिनावारी हुने उमेर घट्नुका साथै रजोनिवृत्ति हुने उमेर पनि घटेको छ । धेरै महिलाको पहिलो महिनावारी उसको पारिवारिक पृष्ठभूमिको आधारमा पनि निर्धारण हुने गर्छ । आमा तथा हजुरआमाको पहिलो महिनावारी कुन उमेरमा भएको हो, त्यसको आधारमा पनि ती घरकी महिलाको महिनावारी मापन गर्न सकिन्छ, जुन आनुवंशिक कारणमध्येमा पर्ने स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. जागृति खनाल बताउँछिन् । 'पछिल्लो समय महिनावारी हुने उमेर धेरैमा घट्दो छ, त्यसको एउटा कारण बदल्दो जीवनशैली हो । पहिलेका बालिका शारीरिक रुपमा सक्रिय हुन्थे, त्यसैले पनि उनीहरूको महिनावारी हुने अलि ढिलो हुने गर्थ्यो' डा. खनाल भन्छिन्, 'अहिले जीवनशैली एकदमै निष्क्रिय भएको छ । पछिल्लो समय मोटोपनको कारण पनि महिनावारीको समस्या बढ्दै गएको छ ।' अहिलेका बालबालिका पढाइ लगायत विभिन्न तनावमा पनि हुन्छन् । साथै थाइराइडको डिसअर्डर र जलवायु परिवर्तनले गर्दा पनि यस्तो समस्या देखिएको खनाल बताउँछिन् । नयाँ अनुसन्धानले संयुक्त राज्य अमेरिकामा किशोरीहरूमा कम उमेरमै महिनावारी सुरु हुन थालेको देखाएको छ ।

दूषित वायुलाई त्यसका लागि जिम्मेवार ठानिएको छ ।

**छिटो महिनावारी सुक्ने कारण**

४० वर्षमुनिका महिलामा महिनावारी सुक्नुलाई छिटो रजोनिवृत्ति भनिन्छ । रजोनिवृत्ति सामान्यतया ४५ देखि ५० वर्षको उमेरमा सुरु हुन्छ । तर कतिपय महिलामा चाँडै अर्थात् ४० देखि ४५ वा ४० भन्दा अघि पनि रजोनिवृत्ति सुरु हुन्छ । चाँडै रजोनिवृत्तिको कारण धेरै हुने डा. खनाल बताउँछिन् ।

'प्रकृतिले महिलालाई जन्मिने बित्तिकै निश्चित अण्डा दिएको हुन्छ । उमेर बढ्दै गएपछि महिनावारी चक्रपिच्छे अण्डा खर्चिंदै जान्छ र अण्डा सकिएपछि रजोनिवृत्ति हुन्छ । 'जस्तो १२ वर्षको उमेरभन्दा पहिले नै महिनावारी हुने महिलाहरूमा महिनावारी सुक्ने सम्भावना ४० देखि ४४ वर्षको उमेरबीच हुने गरेको पाइन्छ ।'

यदि आमाको चाँडै रजोनिवृत्ति भयो भने छोरीलाई पनि चाँडै रजोनिवृत्ति हुन्छ । यस बाहेक त्यहाँ केही अटोइम्युन अवस्था वा अटो इम्युन सिनड्रोम छन्, जुन महिलामा बढी सामान्य हुन्छन् जसको कारणले गर्दा समयभन्दा पहिले नै महिनावारी रोकिने खनालले बताइन् । 'यदि पाठेघर सानै उमेरमा हटाइन्छ वा क्यान्सरको उपचार गराइरहेको छ र केमोथेरापी गराइरहेका छन् भने पनि महिनावारी समयभन्दा पहिले नै बन्द हुनसक्छ । प्रि-मेनोपजको अर्को कारण धुम्रपान पनि हो । धुम्रपान गर्ने धेरै महिलामा पनि रजोनिवृत्ति चाँडै हुन्छ,' उनी भन्छिन् ।

महिनावारी सुक्ने बेलामा धेरै महिलामा विभिन्न स्वास्थ्य समस्या देखा पर्छन् । यसको बारेमा पूर्ण ज्ञान अर्थात् जानकारीले समस्या सम्बन्धी चिन्ता र बोझ कम गर्न मद्दत गर्ने डा. खनाल बताउँछिन् ।

**महिनावारी सुक्नेबेला देखा पर्ने लक्षण** महिनावारी रोकिएपछि महिलाको शरीरमा 'एस्ट्रोजोन' र 'प्रोजोस्ट्रोन' हर्मोनको कमी हुन्छ, जसले विभिन्न शारीरिक परिवर्तन देखा पर्छन् । हर्मोनको कमीले निद्रा नलाग्ने, खलखल पसिना आउने, एकदमै जाडो र गर्मी हुने जस्ता लक्षण देखा पर्ने स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. खनाल बताउँछिन् ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा


सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# विकासका लागि समन्वय गर्दै चितवनका पालिकाहरू

**काठमाडौं,२० पुस ।**

जिल्लाका सात पालिका र सीमाका पालिकाले विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्दै अघि बढ्ने सहमति गरेका छन् । कालिका नगरपालिकाले दोस्रो पटक आफ्नो नगरभित्र सबै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई निमन्त्रणा गरेर विकासमा समन्वय गर्दै अघि बढ्न समन्वयात्मक बैठक राखेको हो । बैठकमा सहभागी जनप्रतिनिधिहरूबीच संयुक्त रूपमा फोहर व्यवस्थापन गर्ने, चेपाङलगायत विपन्न बालबालिकाको शिक्षाका लागि संयुक्त काम गर्ने विषयमा छलफल भएको थियो । छलफलपछि विपन्न बालबालिकालाई आवासीय सुविधासहित छात्राबास बनाउने विषयमा छलफल भएको छ । भूमि वर्गीकरणमा एकरुपता ल्याउने, त्रिशूली डाइभर्सनको कामलाई अघि बढाउन पहल गर्ने, शक्तिखोरको औद्योगिक क्षेत्र यथाशीघ्र बनाउन पहल गर्नेलगायत विषयमा छलफल भएको कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिए । उनका अनुसार जिल्लामा रहेका गौरवका आयोजना सम्पन्न गर्ने र थप आयोजना भित्र्याउनका लागि संयुक्त प्रयास गर्ने, कृषि उत्पादनको बजारीकरणमा संयुक्त पहल गर्ने विषयमा छलफल भएको छ । उनले भने, 'पर्यटनका क्षेत्रमा पनि मिलेर काम गर्ने विषयमा छलफल भएको छ ।' चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तु हेर्न आएका पर्यटकलाई ट्रेकिङमार्फत जिल्लाका पहाडी चेपाङ बस्तीसम्म पुऱ्याएर हिमाल देखाउने विषयमा



सबै सहमत भएका नगरप्रमुख रेग्मीले बताए । यससँगै यहाँ आउने पर्यटकको बसाई लम्ब्याउन सकिने उनीहरूको राय थियो । समग्र जिल्लालाई जोड्ने गरी रिङरोड बनाउने, खैरहनीमा रहेको कृषि क्याम्पसलाई थप व्यवस्थित गर्न सबै पालिकाले पहल गर्ने, शक्तिखोर आसपासका उद्योगलाई शक्तिखोर औद्योगिक क्षेत्रसँग जोड्ने विषयमा छलफल भएको छ । जिल्लाका पहाडी क्षेत्रमा उत्पादन हुने गाँजाखेतीलाई नष्ट गर्ने काम बन्द गरी कानुनत: खेती गर्न पाउने व्यवस्था गर्न आवश्यक पहल गर्ने विषयमा पनि बैठकमा छलफल भएको रेग्मीले बताए ।

सो अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले सबै पालिका मिलेर संयुक्त रूपमा काम गरेमा सहज हुनुका साथै जनअपेक्षा अनुसार नतिजा हासिल हुने धारणा राखे । कतिपय काम संयुक्त रूपमा गर्दा व्ययभार कम हुने भन्दै उहाँले बैठक नियमित गर्न सुझाव दिए । बैठकमा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटा, खैरहनी नगरपालिकाका प्रमुख शशि खनिया, माडी नगरपालिकाका प्रमुख ताराकाजी महतो, इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ, राप्ती नगरपालिकाका उपप्रमुख देवेन्द्र लामा, धादिङको बेनिघाट-रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलियालगायत पालिकाका उपप्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र पालिकाका महाशाखा प्रमुखहरूले आफ्नो धारणासहित सुझाव राखे । दुई महिनाभित्रमा उठेका विषयलाई एकताबद्ध गरी विकासका लागि योजनाबद्ध खाकासहित रत्ननगर नगरपालिकाको आयोजनामा बैठक बस्ने सहमति भएसँगै आजको बैठक सम्पन्न भएको छ ।

# संघीयतामा एकमत भएर अघि बढ्न रास्वपामा सहमति



**काठमाडौं,२० पुस ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र संघीयतालाई स्वीकार गरेर अघि बढ्न सबै पक्षबीच सहमति भएको छ । रास्वपाको रवि लामिछाने पक्षले विगतदेखि प्रदेश संरचनाप्रति विमति राख्दै आएको थियो । जुन विषयमा उज्यालो नेपाल पक्षका नेताहरूले स्पष्टताको आवश्यकता औंल्याएका थिए । दुवै पक्षका नेताबीच शनिबार राति र आइतबार बिहान भएको वार्तापछि यो एजेन्डामा एकमत भएर अघि बढ्ने सहमति जुटेको हो । पुस १४ मा पार्टी एकता भएपनि एजेन्डामा सहमति भएको थिएन । आज सहमति भएपछि विवाद सकिएको नेताहरूले दाबी गरेका छन् । एकता भएपनि उज्यालो पार्टीका संरक्षक कुलमान घिसिङ पक्षका नेताहरूले एजेन्डामा विमति जनाउँदै आएका थिए । 'अब एजेन्डाको विवाद सकियो । मुद्दामा विवाद थियो त्यो पनि सकियो । हिजो राति र आज बिहान बसेर टुंगो लगाएका छौं,' तत्कालीन उज्यालो पार्टीका केन्द्रीय सदस्य जितराम लामाले भने । संघीयतालाई सबैले स्वीकार गर्न सहमत भएको उनले बताए । 'संघीय संरचना मानेर जाने, गणतन्त्र र संविधान स्वीकार गर्ने सहमति भएको छ,' लामाले भने । उज्यालो पार्टीका नेताहरूले यि विषयमा रास्वपाले स्पष्ट पार्नुपर्ने माग राखेका थिए । **रास्वपाभित्र 'उज्यालो' खोज्न थाल्यो कुलमान पक्ष** शनिबार दोस्रो तहका नेता घण्टीघरमा वार्तामा बसेका थिए । वार्तामा उपसभापति स्वर्णिम वाग्ले, नेता शिशिर खानाल र कुलमान पक्षबाट जितराम लामा, राजु थापा र रामेश्वर श्रेष्ठ वार्तामा सहभागी थिए । साथै रवि लामिछाने, बानेन्द्र शाह र कुलमान घिसिङबीच पनि शनिबार वार्ता भएको थियो तीन नेताबीच वार्ता भएपछि एजेन्डामा पनि सहमति भएको हो । अब सबै तहमा समायोजनको प्रक्रिया अगाडि बढाउने सहमति भएको छ । केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश र जिल्ला जिल्लामा दुवै पार्टीबीच समायोजनको प्रक्रिया अगाडि बढाउने सहमति जुटेको छ । सबै निकायमा उज्यालो पार्टीबाट करिब लगभग ३० प्रतिशतको दरले समायोजन हुने बताइएको छ । तर यसमा केही तलमाथि हुने नेताहरूको दाबी छ ।

# वैदेशिक रोजगारीका नाममा ठगी बढेको भन्दै सचेत रहन विभागको आग्रह




**काठमाडौं,२० पुस ।**

वैदेशिक रोजगार विभागले दक्षिण कोरियामा ई-७ भिसा र युरोपमा रोगजारीका नाममा ठगी घटना बढेको भन्दै सचेत रहन आग्रह गरेको छ । युरोपेली देशमा रोजगारीका लागि पठाइदिने भन्दै सामाजिक सञ्जाल मार्फत ठगीका घटना बढिरहेकाले समेत सचेत रहन आग्रह गरेको हो । विभाग प्रवक्ता उपमहानिर्देशक चन्द्रबहादर शिवाकोटीले विज्ञप्ति जारी गर्दै पछिल्लो समय फेसबुक, टिकटक, भाइबर, युट्युब तथा ह्वाट्सएप लगायत सामाजिक सञ्जालबाट युरोपका आकर्षक देश, तलब र कामसहित प्रलोभन देखाइ वैदेशिक रोजगारीका विज्ञापन गर्ने, पैसा उठाउने तथा पासपोर्ट संकलन गरेर झुलाउने गरेको पाइएको बताए । 'ई-७ भिसामा कोरिया पठाइदिन्छु' भन्दै गैरकानुनी गतिविधिमा विभिन्न कन्सल्टेन्सी, संस्था एवं व्यक्ति संलग्न भएको गुनासो प्राप्त भएकाले सचेत रहन विभागले आग्रह गरेको हो । वैदेशिक रोजगार ऐन २०६४ अनुसार सरकारले वैदेशिक रोजगारीमा जान खुला गरेका देशका हकमा विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त संस्था बाहेकले उक्त कार्य गर्न नपाउने कानुनी व्यवस्था छ । तर, कानुन विपरीत अनधिकृत संस्था/व्यक्तिमार्फत श्रम स्वीकृति नलिई, अर्को देशको विमानस्थल प्रयोग गरी, गलत सूचना प्रवाह गर्दै भ्रम सिर्जना गरेर विदेश पठाउने/जाने कार्य गैरकानुनी भएको विभागले जनाएको छ ।

यसरी वैदेशिक रोजगारीमा जाँदा श्रमिक विभिन्न जोखिममा पर्न सक्ने, मानव तस्करी, श्रम शोषण र दुर्व्यवहारको खतरा झनै बढ्ने विभागले जारी गरेको विज्ञप्तिमा छ ।

वैदेशिक रोजगारी सुरक्षित मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार ऐन २०६४ ले तोके बमोजिम तालिम/ओरिएन्टेसन, बीमा, सामाजिक सुरक्षा र स्वास्थ्य जाँचसमेत अनिवार्य गरेर विभागबाट श्रम स्वीकृति लिएर मात्रै जान अनुरोध गरेको छ । त्यसरी जाँदा नेपालकै विमानस्थल प्रयोग गरेर जान अनुरोध गरेको छ । गैरकानु जाने वा पठाउने वा सामाजिक सञ्जालमा जथाभावी विज्ञापन गर्ने जो कोहीलाई विभागबाट अनुगमन एवं अनुसन्धान गरी कानुन बमोजिम कारबाही गर्ने चेतावनी विभागले दिएको छ ।

# शितलहरबाट प्रभावित रौतहटका विपन्न दलितलाई कम्बल वितरण



**रौतहट,२० पुस ।**

जिल्लास्थित विपत् व्यवस्थापन समितिले शीतलहरबाट प्रभावित विपन्न दलित तथा असहाय घरपरिवारलाई न्यानो कपडा 'कम्बल' वितरण गरेको छ ।सशस्त्र प्रहरी बल नेपालले आफ्नो २५औं स्थापना दिवसका अवसरमा आज बौधिमाई नगरपालिका-७ स्थित रामवस्तीका ६९ घरपरिवार र इसनाथ नगरपालिका-४ का ७० घरपरिवारलाई न्यानो कपडा बाँडेको हो । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले शीतलहरका कारण विशेषगरी दलित तथा विपन्न परिवार प्रभावित भएकाले पहिलो चरणमा आज १३९ थान कम्बल वितरण गरेको जानकारी दिए । जिल्लास्थित सुरक्षा संयन्त्रमार्फत प्रभावित समुदायलाई कम्बल बाँड्न लागको बताउँदै आवश्यक देखिए थप न्यानो कपडाको प्रबन्ध गर्न समिति तयार रहेको स्पष्ट गरे । विपत् व्यवस्थापन समितिले मानवीय सेवाअन्तर्गत बढ्दो चिसोबाट प्रभावित जिल्लाका दलित समुदायलाई राहत वितरणमा सहयोग गर्ने उद्देश्यका साथ प्रदान गरेको ५०० थान कम्बलमध्ये सशस्त्र प्रहरी बल र नेपाली सेनालाई २०० का दरले ४०० थान र नेपाल प्रहरीलाई ६० थान तथा बाँकी ४० जान जगेडामा राखेको जनाएको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको प्रमुख उपस्थितिमा सशस्त्र प्रहरी बल नेपालका प्रमुख एवं गणपति रामहरि अधिकारीले दलित एवं विपन्न परिवारलाई कम्बल बाँडेको बिओपी सरमुजवाका सशस्त्र प्रहरी निरीक्षक पर्शुराम लामिछानेले जानकारी दिए ।

यसैगरी, बिओपी रामपुरखापकीका सशस्त्र प्रहरी निरीक्षक मन्दिरा सुवालका अनुसार दलित तथा विपन्न घरपरिवारलाई लक्षित गरी वितरण गर्न लागिएको ५०० कम्बलमध्ये सशस्त्र प्रहरीलाई प्राप्त २०० थानमध्ये १३९ वटा बाँडेको र बाँकी सोमबार र मङ्गलबारसम्म प्रभावित घरपरिवारसमक्ष पुऱ्याइनेछ ।

रौतहटसहित मध्य तराई क्षेत्रमा १५ दिनदेखि राम्रोसँग घाम नलाग्दा बढेको चिसोबाट विशेषगरी गरिब, विपन्न तथा असहाय घरपरिवार प्रभावित भएको प्रमुख जिल्ला अधिकारी भुसालले बताए ।

सशस्त्र प्रहरी बलका गणपति अधिकारीका अनुसार राज्यकोतर्फबाट कम्बल वितरण सुरु भएपछि दलित तथा विपन्न घरपरिवारका पनि विशेषगरी रोगबाट प्रभावित, वृद्धवृद्धा, बच्चाबच्ची र सुत्केरी महिला खुसी देखिएका छन्

# इनर व्हील क्लब अफ वीरगन्जद्वारा कपडा बैंकलाई १५ पोका न्यानो कपडा सहयोग

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

इनर व्हील क्लब अफ वीरगन्जले जाडो मौसमलाई ध्यानमा राख्दै गरिब, असहाय तथा विपन्न वर्गका लागि वीरगन्ज कपडा बैंकलाई १५ पोका न्यानो कपडा सहयोग गरेको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत क्लबले प्रदान गरेको उक्त कपडा सहयोग वीरगन्ज कपडा बैंकमार्फत नि:शुल्क वितरण गरिनेछ । जाडो याममा न्यानो कपडाको आवश्यकता बढी हुने भएकाले मानवीय सेवाको भावनाले यो सहयोग गरिएको इनर व्हील क्लब अफ वीरगन्जकी अध्यक्ष मञ्जुरी श्रेष्ठले बताइन् । यस्ता सहयोगात्मक कार्यक्रम आगामी दिनमा पनि निरन्तर जारी रहने उनको भनाइ थियो । वीरगन्ज कपडा बैंकका सचिव कन्हैया पटेलले इनर व्हील क्लबप्रति आभार व्यक्त गर्दै प्राप्त न्यानो कपडा वास्तविक आवश्यकता भएका व्यक्तिहरूसम्म पुग्ने जानकारी दिए । उनले समाजमा सहयोग, सहकार्य र मानवताको भावना प्रवर्द्धन गर्न यस्ता संस्थागत प्रयासहरू प्रेरणादायी हुने बताए । कपडा हस्तान्तरण कार्यक्रममा इनर व्हील क्लब अफ वीरगन्जकी अध्यक्ष मञ्जुरी श्रेष्ठ, सचिव नीलम बेहाउत, उपाध्यक्ष प्रीति गुप्ता, छन ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा